नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, चैत २१ गते २०३४ साल [अतिरिक्ताङ्क ६१

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०३४ साल चैत्र ४ गते जनकपुर अञ्चलको महोत्तरी जिल्ला अन्तरगत हात्तिलेद गाउँ पञ्चायतको प्रधान पञ्च तथा उप– प्रधान पञ्च पदको लागि हुन लागेको निर्वाचनको सन्दर्भमा सोही जिल्लाको औरही भन्ने गाउँमा दुई पक्षको बीचमा झगडा परी हुलदंगा हुँदा गोली चल्न गई एक व्यक्तिको मृत्युसमेत हुन गएको घटनाको सम्बन्धमा आवश्यक जाँचबुझ गरी श्री ५ को सरकारमा प्रतिवेदन पेश गर्न मध्यमाञ्चल क्षेत्रीय अदालतका अतिरिक्त न्यायाधीश श्री ओमभक्त श्रेष्ठको एक सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८८